# विज्ञान प्रविधि तथा नवप्रवर्तन प्रवर्द्धन सम्बन्धी सम्मेलन, प्रदर्शनी, Startup Hackathon लगायतका अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं

आ.व.२०८३/८४

## विज्ञान प्रविधि तथा नवप्रवर्तन प्रवर्द्धन सम्बन्धी सम्मेलन, प्रदर्शनी, Startup Hackathon लगायतका अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावना:

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रमको कृयाकलाप नं. १.३.५.१ कार्यान्वयन गर्ने प्रयोजनका लागि नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "विज्ञान प्रविधि तथा नवप्रवर्तन प्रवर्द्धन सम्बन्धी सम्मेलन, प्रदर्शनी, Startup Hackathon लगायतका अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "आयोजक" भन्नाले प्रदेशस्तर वा राष्ट्रियस्तरको स्टार्टअप ह्यकाथोन कार्यक्रम सञ्चालन गर्न छनोट भई यस कार्यविधिको दफा १५ को खण्ड (क) बमोजिम मन्त्रालयसंग सम्झौता गरेको संस्थालाई सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी सम्मेलन, प्रदर्शनी, स्टार्टअप ह्याकाथोन लगायतका अनुदान कार्यक्रम चालु आ.व. को ब.उ.शी.नं. ३३२०००११ क्रियाकलाप नं १.३.५.१ खर्च शीर्षक २६४१३ को कार्यक्रम सम्झनु पर्छ।

(ग) "प्रदर्शनी" भन्नाले नेपालमा आयोजना हुने विज्ञान तथा प्रविधिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सम्झनु पर्छ।

(ङ) "स्टार्टअप ह्यकाथोन" भन्नाले निश्चित समयसीमाभित्र व्यक्ति वा समूहले व्यक्तिगत वा सामूहिक क्रियाकलापमा संलग्न भई नवप्रवर्तन सम्बन्धी चुनौतीहरूमा केन्द्रित रही समाधान, नमूना



महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

(prototype) वा अवधारणा (concept) विकास गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रमलाई सम्झनु पर्छ।

(च) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ।

(छ) "सम्मेलन" भन्नाले नवीनतम वैज्ञानिक उपलब्धिहरू तथा अनुसन्धानका नतिजाहरू सम्बन्धी प्रस्तुति, छलफल तथा ज्ञान आदानप्रदान गर्ने उद्देश्यले नेपालमा आयोजना हुने विज्ञान तथा प्रविधिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको सम्मेलन सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्धेश्य

३. उद्धेश्य: (१) यस कार्यविधि कार्यान्वयनका प्रमुख उद्धेश्य देहाय बमोजिम रहेका छन् :-

(क) नेपाल सरकारको १६औं योजनामा उल्लिखित विज्ञान प्रवर्द्धन, नवप्रवर्तन, डिजिटल रूपान्तरण तथा उद्यमशीलता प्रोत्साहन सम्बन्धी रणनीतिहरू हासिल गर्ने सम्बन्धी कार्य गर्नु।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सम्मेलन, प्रदर्शनी र स्टार्टअप ह्याकाथोन मार्फत अनुसन्धान, प्रविधि हस्तान्तरण, नवप्रवर्तन तथा नयाँ उद्यमहरूको विकासलाई प्रोत्साहन गर्नु।

(ग) विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग तथा निजी क्षेत्रसँग सहकार्य गर्दै वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनलाई उद्यमशीलतासँग जोड्नु।

(घ) नवीन विचार, स्टार्टअप मोडल तथा प्रोटोटाइप प्रस्तुति तथा प्रदर्शनीका लागि प्रोत्साहन गर्नु।

(ङ) अन्तर्राष्ट्रियस्तरमा नेपाली वैज्ञानिक, अनुसन्धानकर्ता र उद्यमीहरूलाई जोड्ने र सहकार्य विस्तारको लागि आधार निर्माण गर्नु।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालनका क्षेत्र, सूचना प्रकाशन तथा निवेदन सम्बन्धी व्यवस्था

४. क्षेत्र: (१) विज्ञान, प्रविधि र नवप्रवर्तनसँगै उद्यमशीलता प्रोत्साहन तथा नयाँ प्रविधिको विकास र प्रवर्द्धनलाई मुख्य क्षेत्रका रूपमा लिएर स्टार्टअप ह्याकाथोन कार्यक्रम कार्यान्वयन गरिनेछ।

(२) उपदफा (१) बमोजिमका विषयगत क्षेत्रहरु अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछन्।



महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

५. **कार्यक्रम सञ्चालन नगरिने:** भोटेकोशी नदीको बाढीबाट सिर्जित हालको विपद्को अवस्थालाई मध्येनजर गरेर यस आ.व. मा स्वीकृत वार्षिक कार्यक्रममा समावेश रहेका सम्मेलन तथा प्रदर्शनी सम्बन्धी कुनै पनि कार्यक्रम सञ्चालन गरिने छैन।

६. **सूचना प्रकाशन गर्नु पर्ने:** (१) मन्त्रालयले अनुसूची-२ को ढाँचामा प्रदेशस्तर वा राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाका लागि छापा माध्यम वा मन्त्रालयको वेवसाइट मार्फत विद्युतीय सूचना प्रकाशन गर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम सूचना प्राकाशन गरेपछि मात्र निवेदकले मन्त्रालयमा निवेदन पेश गर्न सक्नेछ।

(३) पहिलो चरणमा प्रदेशस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमका लागि सूचना प्रकाशन गरिनेछ।

(४) उपदफा (३) बमोजिमको कार्यक्रम सम्पन्न भए पश्चात् राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमका लागि सूचना प्रकाशन गरिनेछ।

७. **निवेदन पेश गर्नु पर्ने:** (१) दफा ६ बमोजिम सूचना प्रकाशन भएपछि दफा ४ बमोजिमका स्टार्टअप ह्याकाथोन कार्यक्रम आयोजना गर्ने संस्थाले अनुसूची-३ बमोजिमको विवरण सहित आर्थिक सहयोगका लागि मन्त्रालय समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(२) आयोजक संस्थाले स्टार्टअप ह्याकाथोन सञ्चालन गर्न अगावै मन्त्रालयमा निवेदन पेश गर्नु पर्नेछ।

तर, कार्यक्रम सम्पन्न भएपछि प्राप्त हुने निवेदन उपर कुनै कारवाही हुने छैन।

## परिच्छेद-४

## छनोट तथा अनुदान स्वीकृति सम्बन्धी व्यवस्था

८. **छनोट समिति:** (१) दफा ७ बमोजिम पेश हुन आएका प्रदेशस्तर र राष्ट्रियस्तरका प्रस्तावको मूल्याङ्कन एवं छनोट गरी स्टार्टअप ह्याकाथोन कार्यक्रम सिफारिस गर्नका लागि मन्त्रालयमा देहाय बमोजिमको विज्ञ सम्मिलित एक छनौट समिति रहनेछ:-

(२) उपदफा (१) बमोजिमको छनोट समितिको देहाय बमोजिम गठन हुनेछ: -

(क) सहसचिव,योजना, नीति तथा स्रोत परिचालन महाशाखा, मन्त्रालय - संयोजक

(ख) मन्त्रालयले तोकेका अनुसूची १ मा उल्लेख भएका क्षेत्रहरुसंग



महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

सम्बन्धित पाँच जना विज्ञ - सदस्य

(ग) प्रविधि प्रवर्द्धन तथा हस्तान्तरण शाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(३) छनौट समितिको कार्यसञ्चालन तथा प्रस्ताव मूल्याङ्कनको मापदण्ड समिति आफैंले निर्धारण गर्नेछ।

९. <u>छनोट समितिको बैठक सम्बन्धी व्यवस्थाः</u> (१) छनोट समितिको बैठक संयोजकले निर्धारण गरेको मिति, समय र स्थानमा बस्नेछ।

(२) छनोट समितिको बैठकसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) छनोट समितिको संयोजक सहित कम्तीमा पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(ख) छनोट समितिको बैठकको निर्णय सर्वसम्मत हुनेछ र कुनै कारणले सर्वसम्मत हुन नसकेमा संयोजक सहितको उपस्थित सदस्यको बहुमतको निर्णय यस समितिको निर्णय हुनेछ।

(३) छनोट समितिको बैठकमा आवश्यकता अनुसार बढीमा तीन जनालाई आमन्त्रण गर्न सकिनेछ।

(४) छनोट समितिको बैठकसम्बन्धी अन्य व्यवस्था यसै छनोट समितिद्वारा निर्धारण भए बमोजिम हुनेछ।

१०. <u>छनोट समितिको कार्य जिम्मेवारीः</u> (१) छनोट समितिको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयमा रीतपूर्वक पेश भएका स्टार्टअप ह्याकाथोन सम्बन्धी प्रस्तावको छनोट प्रक्रिया सञ्चालन गर्ने,

(ख) पेश हुन आएका प्रस्ताव उपर छलफल गरी उपयुक्त प्रस्तावलाई मन्त्रालय समक्ष स्वीकृतिका लागि पेश गर्न सिफारिस गर्ने वा कुनै प्रस्ताव उपयुक्त नदेखिएमा कारण सहित मन्त्रालय समक्ष पेश गर्ने,

(ग) आवश्यकता अनुसार प्रस्ताव कार्यान्वयनको सुपरीवेक्षण गर्ने र प्रस्तावकलाई मन्त्रालय मार्फत् सुधारको लागि निर्देशन दिने,

(घ) मन्त्रालयले तोकेको अन्य कार्य गर्ने।



महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

११. <u>प्रस्तावको मूल्याङ्कनका आधारः</u> दफा ७ बमोजिम रीतपूर्वक पेश हुन आएका निवेदन साथ संलग्न अनुसूची-३ बमोजिमका विवरणलाई यस कार्यविधिको प्रयोजनका लागि प्रस्ताव मूल्याङ्कनका आधारहरु मानिनेछ।

१२. <u>प्रस्ताव छनोटको प्रक्रियाः</u> (१) छनोट समितिको बैठकले दफा ११ बमोजिमका प्रस्तावको मूल्याङ्कनका आधारमा छनोट प्रक्रिया सञ्चालन गर्दा देहाय बमोजिम गर्नेछः-

(क) स्टार्टअप ह्याकाथोन कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावकहरुको प्रारम्भिक छनोट सूची सम्बन्धी निर्णय गर्नेछ।

(ख) प्रस्तुतीकरणको समयसारणी सहित खण्ड (क) बमोजिमको सूची मन्त्रालयको वेवसाइटमा प्रकाशन गर्नका लागि मन्त्रालयलाई सिफारिस गर्नेछ।

(ग) खण्ड (ख) बमोजिमको सूचीमा समावेश भएका प्रस्तावकहरुलाई प्रस्तुतीकरण गर्न लगाउनेछ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको प्रस्तुतीकरण मन्त्रालयले तय गरे बमोजिम मन्त्रालयको सभाहलमा उपस्थित भई प्रत्यक्ष वा अनलाइनको माध्यमबाट समेत हुन सक्नेछ।

(३) प्रदेशस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमको छनोटका लागि अवलम्बन गरिएको छनोट विधि र प्रक्रिया नै राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमको लागि पनि अवलम्बन गरिनेछ।

(४) राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोनका उत्कृष्ट सहभागी टोलीको Idea Strengthening र Business Mentoring सम्बन्धी २० दिने कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि मन्त्रालयले सोझै छनोट प्रक्रिया अवलम्वन गर्नेछ।

१३. <u>प्रस्तावको छनोट सिफारिस तथा स्वीकृतिः</u> (१) प्रारम्भिक छनोट र प्रस्तुतीकरण समेतका आधारमा छनोट समितिले योग्य देखिएका प्रस्ताव छनोट गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नेछ।

(२) दफा १२ बमोजिम प्रस्ताव छनोट प्रक्रिया सञ्चालन गर्दा पेश हुन आएको कुनै पनि प्रस्ताव सिफारिस योग्य नभएमा वा केहि मात्र प्रस्ताव योग्य हुने अवस्था देखिएमा छनोट समितिले सोहि व्यहोरा खुलाई मन्त्रालयमा पेश गर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम छनोट समितिको सिफारिस सहित पेश भएका प्रस्ताव मन्त्रालयले स्वीकृत गर्न सक्नेछ।



महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

(४) दफा १२ को उपदफा (४) बमोजिमको कार्यक्रम सञ्चालन गर्नका लागि मन्त्रालयले राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमको आयोजकलाई नै सोझै छनोट गर्न सक्नेछ।

(५) मन्त्रालयले यस दफा बमोजिम सिफारिस भई स्वीकृतीका लागि पेश भएका प्रस्तावको हकमा दफा १६ को अनुदान रकमको सीमामा नबढ्ने गरी कार्यक्रम स्वीकृति कै समयमा अनुदान रकम सम्बन्धी निर्णय गर्नु पर्नेछ।

(६) मन्त्रालयले स्टार्टअप ह्याकाथोन कार्यक्रम र यससंग सम्बन्धित अनुदान रकम स्वीकृतीको व्यहोरा इमेल वा सञ्चारको माध्यमबाट समयमा नै छनोटको जानकारी गराउनुपर्नेछ।

(७) एकै आयोजकले बढीमा राष्ट्रियस्तर सहित थप एक प्रदेशस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रम वा प्रदेशस्तरकै बढीमा २ ओटा कार्यक्रम आयोजना गर्न सक्ने गरी मात्र प्रस्ताव छनोट गरिनेछ।

## परिच्छेद-५

## शर्त तथा कार्यक्रम सञ्चालन सम्बन्धी प्रक्रिया सम्बन्धी व्यवस्था

१४. आयोजक संस्थाले पूरा गर्नु पर्ने शर्तः मन्त्रालयबाट अनुदान प्राप्त गर्न आयोजक संस्थाले देहाय बमोजिमको शर्त पूरा गर्नुपर्नेछः-

(क) स्टार्टअप ह्याकाथोन कार्यक्रम आयोजकले एकै व्यक्तिलाई एक भन्दा बढी कार्यक्रममा सहभागी गराउन पाउने छैन ।

(ख) आयोजक संस्थाले कार्यक्रम सञ्चालन गर्नु अगावै सामान्यतयाः अनुसूची-४ को ढाँचामा रहि मन्त्रालयसंग सम्झौता गर्नुपर्नेछ।

(ग) दफा ७ बमोजिम मन्त्रालय समक्ष पेश भएको निवेदनको विवरणको अधिनमा रही स्टार्टअप ह्याकाथोन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(घ) स्टार्टअप ह्याकाथोन सम्पन्न भएको २१ दिनभित्र अनुसूची-५ बमोजिमको कार्य सम्पन्नता प्रतिवेदन मन्त्रालयमा बुझाउनुपर्नेछ।

(ङ) स्टार्टअप ह्याकाथोन आयोजना गर्दा सहभागीको अन्तिम छनौट तथा मूल्याङ्कन गर्ने समितिमा मन्त्रालयले तोकेको प्रतिनिधि वा पर्यवेक्षकलाई समावेश गराउनु पर्नेछ।

(च) मन्त्रालयबाट प्रदान गरिने अनुदान रकम प्रदेशस्तरको आयोजक संस्थाले कार्यक्रम सञ्चालन गर्न लाग्ने खर्च तथा विजेताको पुरस्कार रकमका लागि मात्र प्रयोग गर्नु पर्नेछ भने राष्ट्रियस्तरको



महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

आयोजक संस्थाले सहभागीको बसोबास खर्च, तालिम खर्च, प्रशिक्षक खर्च समेत समावेश गर्न सक्नेछ।

(छ) स्टार्टअप ह्याकाथोनका सञ्चालन गर्नका लागि मन्त्रालयको अनुदानका अतिरिक्त प्रस्तावकले स्रोत जुटाउने सम्बन्धमा स्रोतमा दोहोरोपन नपर्ने स्व-घोषणा पत्र समावेश गर्नुपर्नेछ।

(ज) प्रस्तावकले स्रोत जुटाउने सम्बन्धमा मन्त्रालयलाई अग्रिम जानकारी गराउने प्रयोजनका लागि निवेदन साथ संलग्न अनुसूची-३ को बुँदा नं. ३ को खण्ड (ग) र खण्ड (झ) को विवरण विस्तृत रुपमा समावेश गरेको हुनुपर्नेछ।

(झ) मन्त्रालयको पूर्व स्वीकृति बेगर स्टार्टअप ह्याकाथोन कार्यक्रमका लागि नेपाल सरकारको लोगो प्रयोग गर्न पाइने छैन।

(ञ) मन्त्रालयको पूर्व स्वीकृति बेगर मन्त्रालय सह-आयोजक रहेको भनि प्रचार प्रसार गर्न पाइने छैन।

(ट) विद्यार्थी, अनुसन्धानकर्ता तथा उद्यमशील युवाहरूलाई निश्चित समयसीमाभित्र समस्या समाधान, डिजाइन र नवप्रवर्तन गतिविधिमा संलग्न गराई व्यावहारिक समाधान, प्रोटोटाइप वा स्टार्टअप आइडियाहरू विकास गर्न प्रतिस्पर्धा सञ्चालन गर्नुका साथै त्यसलाई पारदर्शी तरिकाले सञ्चालन गर्नुपर्ने।

(ठ) सम्मेलन सम्पन्न भए पछि प्रकाशन हुने प्रतिवेदन (Publications, Proceedings, Annual Report) को एक प्रति मन्त्रालयमा उपलब्ध गराउनुपर्नेछ।

१५. <u>कार्यक्रम सञ्चालन प्रकृया:</u> (१) यस कार्यविधि बमोजिमको स्टार्टअप ह्याकाथोन कार्यक्रम देहाय बमोजिम दुई चरणमा सञ्चालन गरिनेछः-

(क) प्रदेशस्तरको ह्याकाथोन र

(ख) राष्ट्रियस्तरको ह्याकाथोन।

(२) पहिलो चरणमा स्थानीय प्रतिभा पहिचानका लागि उपदफा (१) को खण्ड (क) बमोजिमको सातवटै प्रदेशमा दुई दिने बन्द सत्रको रुपमा स्टार्टअप ह्याकाथोन कार्यक्रम आयोजना गरिनेछ।

(३) प्रदेशस्तरको ह्याकाथोन सम्भव भएसम्म एकै मितिमा सञ्चालन गरिनेछ।

(४) उपदफा (२) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा प्रत्येक प्रदेशमा अनुसूची-१ मा उल्लेख भएका मध्ये बढीमा दुई वटा विषयगत क्षेत्रमा ह्याकाथोन कार्यक्रम सञ्चालन गर्न सकिनेछ।



महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

(५) उपदफा (४) बमोजिम ह्याकाथोन कार्यक्रम सञ्चालन गरी प्रत्येक विषयगत क्षेत्रबाट प्रत्येक प्रदेशमा बढीमा तीन ओटा उत्कृष्ट सहभागी समूह छनौट गरी प्रदेशस्तरको ह्याकाथोन कार्यक्रम सम्पन्न गरिनेछ।

(६) उपदफा (५) बमोजिम छनोट हुने प्रत्येक समूहमा बढीमा ३ जना सहभागी रहन सक्नेछन्।

(७) प्रदेशस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रम र राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमको मूल्याङ्कन तथा छनोट प्रक्रिया एकै पटक प्रारम्भ गरिनेछ।

(८) उपदफा (५) बमोजिम प्रत्येक प्रदेशका प्रत्येक विषयगत क्षेत्रबाट छनौट भएका बढीमा उत्कृष्ट तीन समूहका हिसाबले हुन आउने बढीमा जम्मा बयालीस उत्कृष्ट सहभागी समूह राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रममा सहभागी हुनेछन्।

(९) राष्ट्रिय स्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रममा सहभागी हुने प्रतियोगीहरुलाई ५ दिने आवासीय प्रशिक्षण सञ्चालन गर्ने तथा बसोबासको प्रबन्ध मिलाउने जिम्मेवारी राष्ट्रिय स्तरको ह्याकाथोन आयोजकको हुनेछ ।

(१०) दोश्रो चरणमा प्रादेशिक तथा राष्ट्रियस्तरको चुनौतीलाई समाधान गर्न सक्ने प्रकृतिका प्रदेशस्तरबाट छनोट भई आएका स्टार्टअप ह्याकाथोन कार्यक्रमलाई नै तीन दिने राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रम आयोजना गरिनेछ।

(११) राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोनमा सहभागीहरुको मूल्याङ्कन गरी उत्कृष्ट पाँच सहभागी समूह छनौट गरिनेछ।

(१२) प्रदेशस्तर तथा राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोनका उत्कृष्ट सहभागीहरुलाई मन्त्रालयले प्रशंसापत्र प्रदान गर्न सक्नेछ।

(१३) प्रदेशस्तर तथा राष्ट्रियस्तर स्टार्टअप ह्याकाथोन कार्यक्रमको मूल्याङ्कन तथा छनोट विधि यस कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

(१४) प्रदेशस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रम आयोजक समेत राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमको छनोट प्रक्रियामा सहभागी हुन सक्नेछन्।

(१५) राष्ट्रिय स्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमबाट छनोट भएका उत्कृष्ट पाँच समूहलाई थप सशक्तीकरण गर्नका लागि उनीहरुको प्राविधिक क्षमतालाई Idea Strengthening, Business Mentoring र Commercialization गर्ने सम्बन्धी न्युनतम १५ दिने विशेष तालिम कार्यक्रम सञ्चालन गर्न सकिनेछ।



महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

(१६) उपदफा (१५) सम्बन्धी कार्य दफा १३ को उपदफा (४) बमोजिमको आयोजकले गर्नेछ।

(१७) उपदफा (१५) बमोजिमको विशेष तालिम कार्यक्रम सम्बन्धी न्यूनतम आधारभूत ढाँचा अनुसूची-६ मा समावेश गरिएकोछ।

## परिच्छेद-६

## अनुदान रकम तथा खर्चको मापदण्ड सम्बन्धी व्यवस्था

१६. अनुदान रकमको सीमाः (१) स्टार्टअप ह्याकाथोन कार्यक्रम आयोजनाका लागि प्रस्तावक संस्थालाई प्रदान गरिने अनुदान रकमको अधिकतम सीमा देहाय बमोजिम हुनेछः-

| क.सं. | कार्यक्रम | परिमाण | प्रत्येक प्रस्तावक संस्थालाई प्रति कार्यक्रम प्रदान गरिने अनुदानको अधिकतम सिमा (रू.) |
|---|---|---|---|
| १ | राष्ट्रिय स्तरको स्टार्टअप ह्याकाथोन | १ | १३,००,००० |
| २ | प्रदेशस्तरको स्टार्टअप ह्याकाथोन | १४ | ३,००,००० |
| ३ | राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोनका उत्कृष्ट सहभागी टोलीको Idea Strengthening र Business Mentoring (३० दिने कार्यक्रम सञ्चालन गर्ने) | १ | ५,००,००० (प्रत्येक समूहका लागि एक लाख रुपैयाँका दरले) |

(२) दफा १ बमोजिमको आयोजक संस्था लाई प्रदान गरिने अनुदान रकमको निर्क्योल मन्त्रालयको निर्णय बमोजिम हुनेछ ।

१७. अनुदान रकमको भुक्तानीः (१) आयोजक संस्थाले दफा १४ को उपदफा (१) को खण्ड (ग) को अवधि भित्रै कार्य सम्पन्नता प्रतिवेदन, बिल भरपाई तथा अन्य आवश्यक कागजात सहित मन्त्रालयमा भुक्तानीका लागि पेश गर्नु पर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम पेश गरेका कागजात रुजु गरी भुक्तानीको प्रक्रिया अगाडि बढाउन सक्नेछ।



महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

१८. <u>खर्चको मापदण्ड:</u> आयोजक संस्थाले कार्यक्रम सञ्चालन गर्न लाग्ने खर्चको मापदण्ड तथा भुक्तानी प्रचलित कानून बमोजिम हुनेछ।

१९. <u>अनुदान सहयोग उपलब्ध नहुने:</u> (१) यस कार्यविधि बमोजिम अनुदान सहयोगका लागि स्वीकृत भएका संस्थाले दफा १५ बमोजिमको समयावधि भित्र उक्त दफामा उल्लेख गरिएका सम्पूर्ण विवरण सहित भुक्तानीका लागि निवेदन नदिएमा अनुदान रकम भुक्तानी हुने छैन।

(२) कुनै संस्थाले प्रचलित कानून विपरीत कार्य गरेको अवस्थामा मन्त्रालयले भुक्तानी सम्बन्धी कुनै वा सबै रकम रोक्का गर्ने वा भुक्तानी नहुने निर्णय गर्न सक्नेछ।

२०. <u>लेखापरीक्षण:</u> (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनका लागि प्राप्त हुने अनुदान रकमको लेखापरीक्षण प्रचलिन कानून बमोजिम गराउने दायित्व अनुदान प्राप्त गर्ने सम्बन्धित संस्थाको हुनेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाले लेखा परिक्षण पश्चात सोको जानकारी मन्त्रालयमा दिनुपर्नेछ।

## परिच्छेद-७

## <u>विविध</u>

२१. <u>सम्पर्क एकाइ रहने:</u> यस कार्यक्रम संचालनका लागि मन्त्रालयको प्रविधि प्रवर्द्धन तथा हस्तान्तरण शाखा सम्पर्क एकाइको रूपमा रहनेछ।

२२. <u>सूचना प्रविधिको प्रयोग गर्न सकिने:</u> (१) मन्त्रालयले सूचना प्रविधिको प्रयोग गरी कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रविधिको प्रयोग गरी भएको कार्य यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।

२३. <u>गुनासो सम्बन्धी व्यवस्था:</u> (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन, व्यवस्थापन, विषय विज्ञ तथा यससँग सम्बन्धित कुनै विषयमा कसैको गुनासो प्राप्त भएमा त्यस्तो विषयमा मन्त्रालयले उपसचिवस्तरको कर्मचारीको संयोजकत्वमा तीन जना सम्बन्धित क्षेत्रका विषय विज्ञ र एक जना अधिकृतस्तरको कर्मचारी सम्मिलित पाँच सदस्यीय समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले प्राप्त गुनासो उपर अध्ययन गरी मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा गुनासोमा उल्लेख भए बमोजिम भएको वा नभएको यकिनका साथ सिफारिस हुन आएमा सचिवले सिफारिसका विषयमा यथाशिघ्र निर्णय गरी सम्बन्धित प्रस्तावकलाई जानकारी गराउन लगाउनेछ।



महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

२४. <u>मन्त्रालयमा निहित हुने:</u> यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि प्रस्ताव छनौटको सम्बन्धमा अन्तिम निर्णय मन्त्रालयको हुनेछ ।

२५. <u>प्रचलित कानुनबमोजिम हुने:</u> कार्यक्रम कार्यान्वयनको लागि यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२६. <u>बाझिएमा अमान्य हुने:</u> यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

## अनुसूची-१

### दफा ४ को उपदफा (२) सँग सम्बन्धित

### विषयगत क्षेत्रहरु

1. Supply Chain management
2. Disaster risk reduction and early warning system
3. Public transportation and mobility
4. Market intelligence
5. IT for Education system reform
6. Climate Change including Loss and damage assessment and carbon market intelligence
7. Industry 4.0 and 5.0
8. Public infrastructure Monitoring
9. Public Infrastructure Quality Monitoring Civic Engagement
10. Emerging technologies

महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

अनुसूची-२

दफा ६ को उपदफा (१) सँग सम्बन्धित

सूचनाको ढाँचा

नेपाल सरकार

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

**विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी स्टार्टअप ह्याकाथोन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना**

*(................मा प्रकाशित मितिः २०८... /.... /....)*

प्रदेशस्तर/राष्ट्रियस्तर

यस मन्त्रालयको चालू आ.ब. २०८३/८४ स्वीकृत वार्षिक कार्यक्रम क्रियाकलाप नं. १.३.५.१ अन्तर्गतको विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी स्टार्टअप ह्याकाथोन कार्यक्रम सञ्चालनमा रहेकोछ। यस कार्यक्रम बमोजिम आर्थिक सहयोग प्राप्त गर्न प्रतिस्पर्धामा सहभागी हुन चाहने संस्था आयोजक संस्थाले यस मन्त्रालयको वेवसाईटमा रहेको विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी सम्मेलन, प्रदर्शनी तथा स्टार्टअप ह्याकाथोन अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ बमोजिम १५ दिनभित्र मन्त्रालयको इमेल info@mosti.gov.np मार्फत वा मन्त्रालयमा प्रत्यक्ष उपस्थित भई कार्यविधिको दफा ७ बमोजिमका आवश्यक विवरणसहितको प्रमाणित कागजात संलग्न गरी आवश्यक निवेदन दिनुहुन अनुरोध छ। उल्लिखित कार्यविधि यस मन्त्रालयको वेबसाइट www.mosti.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिएको छ।

महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

## अनुसूची-३

### दफा ७ को उपदफा (१) सँग सम्बन्धित

### निवेदनमा संलग्न हुनुपर्ने विवरण

१. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि

२. अद्यावधिक वा नवीकरण गरिएको प्रमाण

३. प्रस्तावित स्टार्टअप ह्याकथोन सम्बन्धी देहायको विवरण

(क) कार्यक्रमको नाम

(ख) आयोजक/ सहकार्य /साझेदार संस्था

(ग) समझदारी पत्र (सहकार्य /साझेदार भई कार्य गर्नेको हकमा)

(घ) कार्यक्रम सञ्चालन मिति र स्थान

(ङ) लक्ष्य तथा उद्देश्य

(च) कार्यक्रमको अपेक्षित उपलव्धी

(छ) अपेक्षित सहभागी संख्या

(ज) कार्यक्रम तालिका

(झ) लागत अनुमान

(ञ) विज्ञ/सहभागी टोली /सहआयोजक संस्था

(ट) सहभागी छनौटको विधि र प्रक्रिया

४. स्टार्टअप ह्याकाथोन कार्यक्रम सञ्चालन गर्ने प्रस्तावक संस्थाले उक्त कार्यक्रम आयोजनाको लागि प्रारम्भिक छनोटको प्रक्रियामा सहभागी हुन माथि उल्लेखित विवरणका वा कागजातका अतिरिक्त देहायका आधारहरु खुल्ने कागजात तथा प्रतिवेदन संलग्न गर्नुपर्नेछः-

(क) यस कार्यक्रम भन्दा पहिले सञ्चालन गरेको भए

अ. सो स्टार्टअप ह्याकाथोन तथा सहभागी छनौटको विवरण र छनोटका आधार,

आ. सहभागी छनोट, मूल्याङ्कन तथा उत्कृष्ट सहभागी छनोटका लागि प्रस्ताव गरिएको पारदर्शी र प्रतिस्पर्धात्मक प्रक्रिया,

इ. स्टार्टअप ह्याकाथोन कार्यक्रम आयोजना तथा सञ्चालन गर्ने संस्थाको प्राविधिक, व्यवस्थापकीय तथा संस्थागत क्षमता भएको प्रमाण,

ई. ह्याकाथोन, नवप्रवर्तन, स्टार्टअप, उद्यमशीलता वा यस्तै प्रकृतिका कार्यक्रम सञ्चालन गरेको अनुभव तथा कार्यसम्पादनको अवस्था,



महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

(ख) बढीभन्दा बढी सहभागी, विद्यार्थी, अनुसन्धानकर्ता, नवप्रवर्तक तथा उद्यमशील युवालाई समेट्न सक्ने क्षमता प्रस्तुत गर्ने आधारहरु,

(ग) सम्बन्धित विषयगत क्षेत्रमा विज्ञ, प्राविधिक जनशक्ति, विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग तथा निजी क्षेत्रसँग सहकार्य गर्न सक्ने क्षमता,

(घ) कार्यक्रम सञ्चालनको प्रस्तावित कार्ययोजना, समयतालिका, स्रोत परिचालन तथा अपेक्षित उपलब्धिको स्पष्टता सम्बन्धी विस्तृत व्यहोरा,

(ङ) प्रस्तावित कार्यक्रमको दिगोपना, नवप्रवर्तन तथा ह्याकाथोनबाट विकसित समाधानलाई थप विकास, परीक्षण, इन्क्युबेसन वा बजारसँग जोड्न सक्ने क्षमता।

(च) उत्कृष्ट टिमलाई बिशेष तालिम दिन सक्ने क्षमता।

(छ) प्रस्तावित कार्यक्रम स्वीकृत भई कार्यान्वयनमा गएपछि सो को लेखा परीक्षण गराई लेखा परीक्षण प्रतिवेदको प्रतिलिपी मन्त्रालयमा बुझाउने प्रतिबद्धतापत्र।

तर, राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमबाट छनोट भएका उत्कृष्ट पाँच समूहलाई थप सशक्तीकरण गर्नका लागि उनीहरुको Idea Strengthening र Business Mentoring सम्बन्धी न्युनतम २० दिने कार्यक्रम सञ्चालन गर्नका लागि निवेदन पेश गर्दा राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रम आयोजकलाई छनोट गरेको खण्डमा देहायको विवरण मात्र पेश गर्न सकिनेछः-

(अ) कार्यक्रम सञ्चालन मिति र स्थान

(आ) लक्ष्य तथा उद्देश्य

(इ) कार्यक्रमको अपेक्षित उपलब्धी

(ई) बिस्तृत कार्यक्रम तालिका

(उ) लागत अनुमान

(ऊ) विज्ञ प्रशिक्षक

महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

अनुसूची-४

दफा १४ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित

<u>सम्झौता पत्रको ढाँचा</u>

नेपाल सरकार

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

सिंहदरबार, काठमाडौं

## <u>सम्झौता पत्र</u>

"विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी सम्मेलन, प्रदर्शनी तथा Startup Hackathon लगायतका अनुदानका कार्यक्रम" सम्बन्धी स्वीकृत कार्यविधिको अधीनमा रहि नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय (यसपछि मन्त्रालय भनिएको) र श्री ...................................... (यसपछि आयोजक भनिएको ) बीच मिति ............ मा आयोजकले पेश गरेको कार्यक्रम मन्त्रालयबाट स्वीकृत भएको हुँदा निम्न बुँदाहरु पालना गर्ने गरी कार्य सम्पादन गर्न यो सम्झौता गरिएको छ ।

**मन्त्रालयको जिम्मेवारी**

१. कार्यक्रम आयोजनाका लागि रु ................/- (अक्षरुपी ................. मात्र) अनुदान रकम उपलब्ध गराउने ।

२. कार्यक्रम सम्पन्न पश्चात् प्रचलित कानून बमोजिम आयोजक संस्थाको बैंक खातामा रकम भुक्तानी गर्ने ।

३. आयोजित कार्यक्रमको आवश्यकतानुसार निरीक्षण तथा अनुगमन गर्ने ।

**आयोजकको जिम्मेवारी**

१. यो कार्य आयोजकले ......................... भित्र सम्पन्न गर्नुपर्नेछ ।

२. मन्त्रालय समक्ष पेश गरेको निवेदनको आधारमा रही कार्य सञ्चालन गर्नुपर्नेछ ।

३. स्टार्टअप ह्याकथोन सम्पन्न भए पश्चात तोकिएको समयावधि भित्रै मन्त्रालयको विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी सम्मेलन, प्रदर्शनी तथा स्टार्टअप ह्याकाथोन अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी



महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

कार्यविधि, २०८३ को अनुसूची-५ बमोजिमको ढाँचामा कार्य सम्पन्न भएको प्रतिवेदन मन्त्रालयमा बुझाउनुपर्नेछ।

४. मन्त्रालयबाट प्रदान गरिने अनुदान रकम आयोजक संस्थाले प्रतिवेदन साथ कार्यविधि बमोजिम खर्च गरेको पुष्ट्याई गर्ने विवरण, फोटो, बिल, बिजक लगायत अन्य आवश्यक कागजात वा प्रमाण पेश गर्नेछ ।

५. कार्यविधिका सम्बन्धित व्यवस्थाहरु तथा नेपालको प्रचलित अन्य कानूनहरुको परिपालना गर्नुपर्नेछ ।

अन्य

१. कार्यक्रम सम्पन्न पश्चात् पेश गरेका कागजात प्रचलित कानून बमोजिम नरहेको पाइएमा मन्त्रालय अनुदान दिन बाध्यकारी हुने छैन ।

२. आयोजकलाई सम्झौता अनुसारको अनुदान रकम भुक्तानी भएपछि यो सम्झौता स्वतः रद्ध हुनेछ ।

३. यो सम्झौताको कार्यान्वयनमा कुनै समस्या परेमा आपसी समझदारीबाट समाधान गरिनेछ ।अन्यथाः प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

मन्त्रालयको तर्फबाटः-

नाम, थरः- ......................

पदः- .............................

हस्ताक्षरः-........................

साक्षीः-

नाम, थरः- .....................

पदः- ............................

हस्ताक्षरः-.......................

आयोजकको तर्फबाटः-

नाम, थरः- ............................

पदः- ...................................

हस्ताक्षरः-..............................

साक्षीः-

नाम, थरः- ............................

पदः- ...................................

हस्ताक्षरः-..............................

ईति संवत् ........... साल ........ महिना ...... गते रोज ............ शुभम् ।

महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

## अनुसूची-५

### दफा १४ को उपदफा (१) खण्ड (ग) सँग सम्बन्धित

### प्रतिवेदनमा संलग्न हुनुपर्ने विवरण

- कार्यक्रमको नाम:
- परिचय:
- कार्यक्रम सञ्चालन मिति र स्थान:
- आयोजक संस्था:
- सहकार्य वा साझेदार संस्था (भएमा):
- लक्ष्य तथा उद्देश्य:
- सारांश:
- सहभागी विवरण (कुल सहभागी संख्या, राष्ट्रिय/अन्तर्राष्ट्रिय सहभागी, विद्यार्थी/अनुसन्धानकर्ता/स्टार्टअप/उद्योगका प्रतिनिधि आदि):
- **खर्चको विवरण:**
- कार्यक्रम तालिका:
- Including publications, proceedings, policy briefs, prototypes, solutions, innovative projects सम्बन्धी विवरण:
- फोलोअप गतिविधि (Follow up activities like publications, future conferences, incubation, startup acceleration, other collaboration):
- निष्कर्ष:
- सुझाव:
- फोटो, प्रस्तुति सामग्री:
- अन्य:

महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

अनुसूची-६

दफा १५ को उपदफा (१७) सँग सम्बन्धित

**१५ दिने विशेष तालिम कार्यक्रम सम्बन्धी न्यूनतम आधारभूत ढाँचाः**

यस कार्यक्रमलाई देहाय बमोजिम मुख्यतयाः ३ वटा चरणमा विभाजन गरिनेछः-

| | |
|---|---|
| यो क्रियाकलापहरूको प्रस्तावित सूची हो र आयोजकले आवश्यकताअनुसार यसलाई परिमार्जन गर्न सक्छन्। | |
| चरण र दिन | पाठ्यक्रमको मुख्य क्षेत्र |
| चरण १: विचार र उत्पादन परिमार्जन | |
| पहिलो दिन | अभिमुखीकरण र प्राविधिक परीक्षण |
| दोश्रो, तेस्रो तथा चौथो दिन | प्राविधिक सुधार र विस्तारीकरण (स्केलेबिलिटी) |
| पाँचौं तथा छैटौं दिन | मोष्ट भाएबल प्रोडक्ट विकास र प्रयोगकर्ता इन्टरफेस (युजर इन्टरफेस) |
| सातौं, आठौं तथा नवौं दिन | प्रयोगकर्ता परीक्षण र उत्पादन संशोधन |
| चरण २: व्यवसायिक मार्गदर्शन र रणनीति (विजनेस मेन्टरिङ एण्ड स्ट्राटेजी) | |
| दशौं दिन | मूल्य प्रस्ताव (भ्यालु प्रोपोजिसन) र व्यवसायिक मोडल |
| एघारौं दिन | बजार र प्रतिस्पर्धी विश्लेषण तथा ब्रान्डिङ, ग्राहक आकर्षण र व्यवसाय विस्तार |
| बाह्रौं दिन | वित्तीय योजना |
| तेह्रौं दिन | कानुनी, नियामक र बौद्धिक सम्पत्तिका आधारभूत विषयहरु |
| चरण ३: बजार प्रवेश र पिच तयारी | |
| चौधौं दिन | उत्पादनको बजार प्रवेश योजना / पिच डेक मास्टरक्लास |
| पन्ध्रौं दिन | डेमो डे र आगामी दिनको मार्गचित्र (रोडम्याप) |

"समास"

महावीर पुन
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय